# स्तरवृद्धिको फाराम भर्ने सम्बन्धी

# सूचना

(प्रकाशित मिति २०७८।२।१९)

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तरवृद्धिको लागि तोकिएको सर्त पूरा भएका कर्मचारीहरुले स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ८४(क) बमोजिम २०७८ आषाढ महिनामा हुनु पर्ने स्तरवृद्धिको लागि फाराम भर्ने सम्बन्धमा वर्तमान **COVID-19** को महामारीको अवस्था समेतलाई मध्यनजर गर्दै फाराम भर्नु पर्ने कर्मचारीहरुले २०७८ साल आषाढ ३१ गते सम्ममा कार्यालय समय भित्र प्रमाणित स्तरवृद्धि फाराम र अन्य आवश्यक कागजातहरु समावेश गरी देहाय बमोजिम दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

## दरखास्त पेश गर्ने स्थान

१. काठमाण्डौ उपत्याकाका तिनवटा जिल्लामा कार्यरत कर्मचारीहरुले स्वाथ्य सेवा विभाग टेकुमा ।

२. काठमाण्डौ उपत्याका बाहिरका स्थानीय तहमा कार्यरतको हकमा सम्बन्धित स्थानीय तहमा ।

३. काठमाण्डौ उपत्याका बाहिरका प्रदेश तथा संघ अन्तर्गतका कार्यालयमा कार्यरत भए सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयमा ।

*पुनश्चः १.स्तरवृद्धिका लागि दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरुको विवरण समेत यसै सूचना साथ प्रकाशन गरिएको समेत जानकारी गराईन्छ। साथै सम्बन्धित दरखास्तवालाले पेश गरेको फाइलमा आफ्नो फोन नं. र इमेल ठेगाना अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । स्तरवृद्धि फाराम स्वास्थ्य सेवा विभागको वेव साइट www.dohs.gov.np बाट download गर्न सकिनेछ।*

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

०७८।२।१९



Scanned with CamScanner

# दरखास्तसाथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु

१. शुरु नियुक्ती र हाजीरी पत्र

२. बढुवा नियुक्ती भएको भए सो पत्र

३. स्तर बृध्दि भएको भए सो पत्र

४. सरुवा, रमाना र हाजीरी पत्रहरु

५. शैक्षिक योग्ताका प्रमाण पत्रहरु

६. पछिल्लो दुई आ.ब. को रित पुर्वकको कार्य सम्पादन मूल्याङ्कन

७. दरखास्तवालाको दुर्गम सेवा अवधि खुल्ने सिफारिस पत्र

८. अध्ययन/असाधारण विदा लिएको भए सो पत्र

९. स्तरवृद्धिको लागि निर्धारण गरिएको फाराम रितपूवर्क भरी स्थानीय तहमा कार्यरतको हकमा सम्बन्धित स्थानीय तहको र प्रदेश वा संघ अन्तर्गतको कार्यालयमा कार्यरत भए सो कार्यालयको रितपुर्वकको सिफारिस।

१०. Latest updated PIS print

११. Latest updated council

१२. विभागीय कारबाही भए नभएको सिफारिस पत्र ।

१३. समायोजन सँग सम्बन्धित पत्र ।

Scanned with CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

(प्रशासन शाखा)

फोन नं. ४२६१४३६
४२६१७१२
फ्याक्स नं. ४२६२२३८

टेकु, काठमाडौं

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

पत्र संख्या :- ०७७।७८
चलानी नं.:- 2532

मितिः २०७८।०२।१९

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

**बिषय - दरखास्त संकलन गरी पठाइदिने सम्बन्धमा ।**

श्री स्थानीय तहहरु सबै,
श्री स्वास्थ्य कार्यालयहरु सबै ।

प्रस्तुत बिषयमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम सर्त पूरा भएका कर्मचारीहरुको स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ८४(क) बमोजिम २०७८ आषाढ महिनामा हुने स्तरवृद्धिका लागि स्वास्थ्य सेवा विभागबाट मिति २०७८।०२।१९ मा प्रकाशित सूचना बमोजिम तहाँ कार्यालयले दरखास्त संकलन गरी उक्त सूचनाको म्याद भित्र प्राप्त दरखास्तहरु यथा सिघ्र चाँडो स्वास्थ्य सेवा विभाग टेकुमा पठाइदिनु हुन आदेशानुसार अनुरोध छ ।

(एकनाथ नेपाल)
शाखा अधिकृत

**बोधार्थ**
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।



Scanned with CamScanner